
**DOI:** https://doi.org/10.3126/pragyaratna.v6i2.70599

Established by INASP in 2007. Managed by Tribhuvan University Central Library.

Contents lists available at NepJol

**Pragyaratna**

*A Peer-Reviewed, Open Access Journal*




# उपन्यासकार हृदय चन्द्रसिंह प्रधान : प्रगतिवादका कोसेढुङ्गो

कृष्णराज ढकाल [a]✉, श्रीराम न्यौपाने [b]

✉krishnar.dhakal@gmail.com

[a] Faculty of Education, Tribhuvan University, Mahendra Ratna Campus

[b] Tribhuvan University, Ratna Rajya Campus, Department of Nepali

**Article Info**

**Received:** August 10, 2024

**Accepted:** September 22, 2024

**Published:** October 22, 2024

**लेखसार**

*प्रस्तुत लेख आधुनिक नेपाली उपन्यासकार हृदय चन्द्रसिंह प्रधानमा केन्द्रित छ । प्रधानद्वारा स्वास्नीमान्छे (२०११) र एकचिहान (२०१७) गरी दुई उपन्यास रचना गरिएको छ । यी रचनामा जनक्रान्तिपछिको नेपाली सामाजिक-आर्थिक अवस्था तथा गरिबी, शोषण, विभेद तथा उत्पीडनका विरुद्ध विद्रोहमा उत्रन थालेको सामाजिक चेतनाको विश्लेषण गरिएको छ । यी उपन्यासमा नारीलाई बेश्या बन्न बाध्य पारिदिने पुरुष अधिनायकवादी सोचाइको प्रतिकारमा उत्रिएको नारीविद्रोह छ । साथैश्रमिक तथा किसानमाथि शोषण गर्न पल्किएका सामन्तकाविरुद्ध जागरुक उत्पीडित निम्नवर्गको जोसिलो आवाज छ । कुसंस्कार र सामाजिक विकृतिप्रतिको तीव्र असहमतिमात्र छैन परिवर्तनको दिशानिर्देश पनि यिनमा गरिएको छ । साथै नारी अस्तित्व र मूल्यबोध अनि किसान जागरण र कर्मशीलताको क्रान्तिकारी अभिव्यक्ति पनि समेटिएको छ । तत्कालीन सामाजिक अवस्थालाई उनले भौतिकवादी द्वन्द्ववादका आधारमा चिनाएका छन् । उनका यी उपन्यास नेपाली समाजलाई जगाउन, बदल्न र विद्रोही तुल्याउन कोसेढुङ्गो बनेका छन् । उनका यी रचनालाई विभिन्न शैक्षिक तहका पाठ्यवस्तु तथा अध्ययन सामग्री पनि बनाइएको छ । उनको औपन्यासिक प्रवृत्तिबारे धेरै चर्चा भएका छन् । साथै प्रगतिशीलता खोजिएका छन् तर विद्रोह, वर्गीयता, उत्पादन शक्तिको पहिचान र वर्गद्वन्द्वको गहन विश्लेषणबाट प्रगतिवाद खोज्ने अनि नेपाली उपन्यासको इतिहासमा कोसेढुङ्गो मान्ने काम भएको देखिँदैन । यसैले प्रधानका उपन्यासको मूल वैचारिक धरातल नै प्रगतिवाद भएको र नेपाली उपन्यासमा उनी कोसेढुङ्गो बनेको निष्कर्ष निकाल्न यो लेख प्रयत्नशील रहेको छ ।*

**शब्दकुन्जी**: *द्वन्द्वात्मक अन्तर्विरोध, समवर्गीयता, विषमवर्गीयता, वर्गद्वन्द्व, प्रगतिवाद*

## विषय परिचय

नेपाली उपन्यासले सामाजिक संरचनाको वस्तुवादी एवम् वैज्ञानिक विश्लेषण गर्न नथालेको र यथार्थको उद्घाटनमै रमाएको बेला हृदय चन्द्रसिंह प्रधान यथार्थद्रष्टामात्र नभएर आलोचक बनी देखा परेका हुन् । नेपाली समाज वर्गीय, जातीय, लैङ्गिकतथा वैचारिक रूपमा अत्यन्त पिछडिएको बेला उनी जनचेतना नबढाईआमूल परिवर्तन सम्भव देख्दैनन् । देशमा निरङ्कुशताको अन्त्यसँगै जरा गाडेर बसेको सामन्ती अत्याचार र विभेदको अन्त्य गर्ने उद्देश्यले उनले स्वास्नीमान्छे र एकचिहान उपन्यासहरू रचना गरेका हुन् । आदर्शीकृत र यथार्थपरक सामाजिक उपन्यास लेखन परम्परालाई आलोचकीय प्रवृत्तितर्फ डोऱ्याउँदै प्रधानले नेपाली उपन्यासलेखनलाई नयाँ मोड दिएका छन् । उनको अघिल्लो उपन्यासले नागर जीवनको दैनिकीको अवलोकनमात्र नगरी अभाव, शोषण, अन्याय र पछौटे पनले थिल्थिलिएको नेपाली समाजलाई बदल्न परिवर्तनको बाटो देखाएको छ । सामाजिक कुरीति र पुरुष अत्याचारको सिकार भएका नारीहरूको दुःखदायी अवस्थाको चित्रणका साथै तिनीहरूप्रति दया, माया र सहानुभूतिमात्र देखाउने परम्परालाई बदलेर तिनमा चेतना र सङ्घर्षको प्राण भर्ने प्रयास यसले गरेको छ । नारीहरूभित्र सचेत र सङ्घर्षशील रूप अङ्कुरित गरी नेपाली उपन्यासमा आलोचनात्मक यथार्थवादलाईसर्वप्रथम उनैले प्रश्रय दिई हुर्काएका हुन् (प्रधान, २०५२, २५२) । यहाँ नारी पात्रहरू शोषित, अपहेलित र तिरष्कृत भएको महसुस गर्छन्; अत्याचारको कारण खोज्छन्, विभेदको उद्गममै प्रहार गर्छन् अनि विकृतिको विश्लेषण गर्दै परिवर्तनको दिशा पनि निर्देश गर्छन् । उनको पछिल्लो उपन्यास थप एक पाइलो अघि बढेर कुप्रथा, विभेद, शोषण, अज्ञानता र अभावको अन्त्यका लागि सचेत, प्रौढ एवम् बौद्धिक चेतना भर्न सफल भएको छ । यसरी प्रधानको औपन्यासिकता सामाजिक यथार्थ वा तटस्थ द्रष्टामात्र नभई कटु आलोचक बनी परिवर्तनको ढोका उघार्न उद्यत देखिन्छ ।

उपन्यासकार प्रधान उपन्यासमा समाजको आमूल परिवर्तनको घोषित लक्ष्य पूरा गर्न त्यसको गहिराइमा पुगेका छन् । नेपाली समाजका जातीय, लैङ्गिक, वर्गीय एवम् सांस्कृतिक क्षेत्रका विद्यमान विभेद तथा अन्तर्विरोधलाई वस्तुवादी ढङ्गले विश्लेषण गर्ने क्रम उनका औपन्यासिक लेखनमा बढ्दै गएको देखिन्छ । वस्तुगत, वैज्ञानिक एवम् सैद्धान्तिक रूपमा थप परिष्कृत बन्दै गएको उनको उपन्यास लेखनले व्यक्तिवाद र सतही लेखनलाई किनारा लगाई समाजविकासको वर्गीय धरातल छोएको छ । साथै समाजमा लागेको अज्ञानता, पछौटेपन र फुटको तुवाँलो हटाउने कामको थालनी पनि गरेको छ । मैयाँनानी, शिवनारान आदि जागरुक पात्रहरूले उपन्यासकारको प्रस्तावित समाज रूपान्तरणको लक्ष्यमार्ग पहिल्याएका छन् । सामाजिक दायित्वप्रति अत्यन्त सचेत रही अन्धविश्वास, शोषण तथा पर

म्परागत कुरीतिप्रति कठोर प्रहार गर्ने उनी परिवर्तनको आह्वान गर्छन् र प्रगतिशील समाजको स्थापना तथा सुधार अनि नयाँ समाज निर्माणका लागि प्रेरणा एवम् दमन र भेदभावका विरुद्ध उचालिएका छन् (बराल र एटम, २०५६, ११५) । वर्गीय पक्षधरतालाई समातेर वैचारिक बहसको थालनी गर्ने प्रधानको औपन्यासिकता नेपाली उपन्यासको इतिहासमै पहिलो हो । परिवर्तनको वैचारिक बहसमा अपाच्य, अग्राह्य एवम् अशोभनीय सन्दर्भहरू जोड्ने प्रवृत्तिबाट उपन्यासकार प्रधान जोगिएका छन् । उपन्यासका प्रत्येक घटना समाजसापेक्ष छन् । जीवनभोगाइबाटै उब्जिएको अग्रगामी विचारले महत्व पाएको छ । अष्टनारान, शिवनारान, विनोद, बसन्तीजस्ता पात्रहरू आफ्नै जीजनबाटै जानेका, सिकेका र भोगेका व्यथाहरू सुनाउँछन् । उनीहरूको व्यावहारिक चिन्तन नै सुपाच्य, अग्रगामी र मौलिक देखिन्छ । भोगाइमै शोषण र अत्याचारको स्रोत भेट्टाउन यी पात्र सफल छन् । प्रधानले उपन्यासमा निरपेक्ष वा तटस्थ भइदिन्छन् र पात्र स्वयं स्वतन्त्रतापूर्वक विचरण गर्दछन् (प्रधान, २०५२, २५८) ।लेखक तिनै अनुभवी स्वतःस्फुर्त पात्रहरूसँग एकाकार भई अग्रगामी विचार प्रवाहित गरिरहन्छन् । पुरुषको नारीप्रतिको शोषणमा बेश्या बन्न बाध्य मैयाँनानीको मान्यता,गरिबी र सामाजिक कुसंस्कार विरुद्धको अष्टनारानको सोच अनि जातीय-वर्गीय एकता कायम गर्ने शिवनारानको प्रयास जीवनभोगाइबाटै जन्मिएका हुन्; केबल लेखकले त्यसको सुसंयोजनमात्र गरिदिएका छन् । आखिर लेखक मौन रहेर वा यथार्थद्रष्टामात्र भएर वा वर्णन मात्र गरेर सामाजिक जागरण अघि बढ्दैन । त्यसैले प्रगतिवादी विचारलाई पात्रहरूका जीवनभोगाइसँग मिसाएर बाहिर ल्याउन सक्नु उनको औपन्यासिक प्राप्ति हो ।

प्रधानका उपन्यासहरूले अग्रगमनको बाटो खोलिदिएका छन् । बहुजातीयताको व्यवस्थापनमा नलागी नेपालीमा सुख, शान्ति र समृद्धि प्राप्त हुन्न भन्ने ठहर उनले गरेका छन् । जतीय विविधतायुक्त सामाजिक संरचनालाई थप सुदृढ पार्न र एकीकृत, सहिष्णु एवम् विश्वासिलो वातावरण निर्माण गर्न अन्तर्जातीय वैवाहिकतासम्बन्धी नयाँ धारणा उनले ल्याएका छन् । मनुष्य जात एकै हो तर यसलाई धर्मभीरु, कर्मकाण्डी तथा सामन्तहरूले आफ्नो सत्ता अकण्टक राख्न कसरी विभेदको जाल बुन्दै आएका छन्भन्ने वैचारिक पक्षलाई उनले सहज र स्वाभाविक तरिकाले बोध गराइदिएका छन् । यस्तो धन, काम र ओहदाका आधारमा सृजना गरिएको जातीयता उनका उपन्यासले भत्काइदिएका छन् । साथै राष्ट्रिय एकता एवम् सद्भावपूर्ण समाज निर्माण गर्न सफल पनि भएका छन् । विधवा विवाह र अन्तर्जातीय विवाहका पक्षमा रहेर क्रान्तिकारी छवि प्रस्तुत गर्दै र सामाजिक, सांस्कृतिक तथा धार्मिक समस्यालाई देखाउँदै उनले उपन्यासका माध्यमबाट कुरीति र विकृतिबाट बच्न मार्गदर्शन गरेका छन् (बराल र एटम, २०५६, ११५) । यसबाट प्रधानको औपन्यासिकता जातीय पुरातन कुसंस्कारलाई चिर्दै राष्ट्रिय उत्थानतर्फ गतिशील बनेको स्पष्ट हुन्छ ।

प्रधानका उपन्यासले निम्नवर्गीय श्रमिक, मजदुर र किसानका जीवनभोगाइलाई आधार बनाएका छन् । आर्थिक तथा सामाजिक रूपमा उठ्न नसकेको यो वर्गमा जागृतिको लहर ल्याउन नसकिएको तत्कालीन परिवेशमा उनी चेतनाको आलोक छर्न खोज्छन् । उनीहरूले अज्ञानता, दासत्व मनोवृत्ति, कुसंस्कार, कमजोर आत्मबलजस्ता कमजोर चेतनाका कारण समस्या झेलिरहेका छन् । उनीहरूले आफ्नो जीवनशैली, सोच र कार्यमा सामान्य सुधार गर्ने हो भने जीवन सहज, सुखी र समृद्ध बन्ने थियो भन्ने विचारबाट प्रधान अभिप्रेरित देखिन्छन् । यसैलाई कार्यरूप दिन उपन्यासका अष्टनारान, शिवनारान जस्ता पात्रह¿ तलसिङ सुब्बा सुरमानसँग ऋण लिँदैनन् अनि विवाह तथा मृत्युसंस्कारहरू सामान्य तरिकाले सम्पन्न गर्छन् । किसानहरू सामन्तबाट लद्दटिन र ठगिनबाट बच्न ऋण नलिने, भड्किलो खर्च रोक्ने, कर्मशीलतालाई जोड दिने र स्वार्थप्रेरित आश्वासन बहिष्कार गर्ने तहमा पुगेका छन् । जस्तोसुकै परिणाम भोग्नुपरे पनि शोषण र विभेदका विरुद्ध सङ्घर्ष गर्ने अठोटका साथ ती पात्रहरू आफ्नो व्यावहारिकतामा परिवर्तन ल्याउँछन् । यसरी प्रधान निम्न वर्गको सङ्घर्षशील जीवनको चित्रण गर्ने समाजवादी यथार्थवादी स्रष्टा देखिन्छन् । समग्रमा युगीन नेपाली सामाजिक धरातलमा तटस्थद्रष्टामात्र नभई परिवर्तनको अग्रगामी विचार प्रवाह गर्ने प्रधानको औपन्यासिकता प्रगतिवादी देखिन्छ ।

## अध्ययनको उद्देश्य

हृदय चन्द्रसिंह प्रधानले उपन्यासभित्रद्वन्द्वात्मक अन्तर्विरोध, वर्गीयता, वर्गद्वन्द्व र वैचारिकताका आधारमा पुरुष नश्लको प्रभुत्ववादविरुद्ध उत्पीडित नारी अनि गरिबी तथा पछौटेपनको फाइदा लुट्न क्रियाशील सामन्ती प्रवृत्तिविरुद्धश्रमजीवीको जागरुक लडाइँकोप्रस्तुति कसरी दिएका छन् र त्यसबाट उनलाई प्रगतिवादी विचारका कोसेढुङ्गो किन मान्ने भन्ने समस्याको निरूपण गर्नु यस लेखको मुख्य उद्देश्य हो ।

## अध्ययन विधि

यस लेखमा हृदय चन्द्रसिंह प्रधानका उपन्यासमा प्रयोग भएको प्रगतिवादलाई वर्णनात्मक, विश्लेषणात्मक तथा समीक्षात्मक प्रस्तुति दिन गुणात्मक विधिको प्रयोग गरिएको छ । यसको तयारीका लागि पुस्तकालयीय स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । यस अध्ययनमा प्रगतिवादको सैद्धान्तिक परिचर्चा गरिएका लेखहरूलाई द्वितीयक सहयोगी सामग्री बनाइएको छ । त्यसैगरी हृदय चन्द्रसिंह प्रधानका स्वास्नीमान्छे र एकचिहान उपन्यासहरूलाई प्राथमिक स्रोत बनाई विश्लेषणमा विस्तृति दिइएको छ । यति भएर पनि मूलतः प्रगतिवादी रचनाभित्र हुनुपर्ने खास विशेषताको विश्लेषणमा मौलिक एवम् सामान्य ढाँचालाई अवलम्बन गरिएको छ ।

## सैद्धान्तिक पक्ष

साहित्यमा सामाजिक जीवनका विकृत पक्षको उद्घाटन प्रगतिशीलता हो । यसलाई आलोचनात्मक यथार्थ पनि मानिन्छ । यो विभिन्न विचारसमूहले व्यक्त गर्ने र यथास्थितिविरुद्ध गतिशील तुल्याउने चिन्तन पनि हो । टिप्पणी, विरोध, आलोचना, व्यङ्ग्यजस्ता अभिव्यक्तिमा प्रगतिशीलता भेटिन्छ ।यसभित्र गरिबी, अन्याय, शोषण तथा विभेदविरुद्ध तीव्र आक्रोश हुन्छ भने परिवर्तनको चाहना पनि व्यक्त भएको देखिन्छ । यो वाद समाजको परिवर्तन खोज्छ तर व्यक्तिमात्रमा होइन (राई, २०५०, १२२) । समाजका कुरीति, शोषण, अन्धविश्वास, विसङ्गति आदिको आलोचना गर्नु प्रगतिशीलता हो । यसलाई समाज परिवर्तनको निरन्तर, स्वतःस्फुर्त अनि अनौपचारिक प्रतिक्रिया मानिन्छ। आदर्शपरक यथार्थमा आलोचनाले ठाउँ पाएजस्तै आलोचनात्मक यथार्थ पनि आदर्शबाट सर्वथा परित्यक्त हुँदैन (प्रधान, २०५२, १४९) । साहित्य र समाजको परस्पर सम्बन्धको चर्चा, असङ्गतिविरुद्धको आलोचना आदि प्रगतिशीलता आफैमा

परिवर्तनकारीभने देखिन्छ । जीवविकासको ऐतिहासिक, वर्गीय र द्वन्द्वात्मक पक्षको विश्लेषणलाई समाजचित्रणमा लगाउनु प्रगतिवाद हो । अर्थात् परिवर्तन प्रक्रिया सङ्गठित, वस्तद्रवादी र वैज्ञानिक हुँदै गएपछि प्रगतिवादतर्फ रूपान्तरित हुन्छ । यो युगपरिवर्तनको ऐतिहासिक सन्दर्भलाई द्वन्द्वात्मक र वर्गीय रूपमा विश्लेषण गर्ने वैज्ञानिक सिद्धान्त हो । यो समाजवादी यथार्थ हो । काल मार्क्सले चेतना जीवद्वारा निर्धारित हुने, वास्तविक अनुभवजन्य विकास प्रक्रिया अघि बढी व्यावहारिक कार्यकलापको विकास प्रक्रियाको चित्रण सुरु हुने (चापागाइँ, २०६७, ३) मान्यता प्रस्तुत गरेपछि प्रगतिवाद जन्मिएको हो ।उनलेप्रकृति, समाज र चिन्तनलाई समन्वित रूपमा ऐतिहासिक प्रक्रियाबाट ग्रहण गरिने तर्क दिएका छन् (ऐजन, १५) ।यसमा साहित्य र समाजको सम्बन्धको वैज्ञानिक व्याख्या पाइन्छ । अर्का राल्फ फक्सले मानिसहरुको सामाजिक अस्तित्वले नै चेतनालाई निर्धारित गर्दछ (ऐजन, ४०) भनी मार्क्सले भनेकै उत्पादनका भौतिक शक्ति र सम्बन्धबीचको टकराबलाई चिनाएका छन् । अनातोली लुनाचार्स्कीले समाजवादी यथार्थवादको थालनी यथार्थवादबाट भएकाले इतिहासको प्रेरक शक्ति वर्गसङ्घर्षलाईमानेका छन् (ऐजन, २०३-२०४) ।साहित्यमा यथार्थवादको विकसित रूप मानिएको प्रगतिवाद मूलतः यथार्थको द्वन्द्वात्मक दृष्टिकोणले मूल्याङ्कन गर्ने र कलालाई मान्छेको आर्थिक पक्षसँग सम्बन्धित गराएर हेर्ने कार्यमा बढी अग्रसर छ (शर्मा, २०७५, ११८) । यो द्वन्द्वात्मक भौतिकवादी विचारलाई अँगालेर तिनका रीति-सिद्धान्तअनुसार विश्लेषण, व्याख्या र चित्रण गर्ने, स्वस्थ एवम् आशावादी सपना बुन्ने र निरन्तर वर्गसङ्घर्षको व्याख्या गर्ने कार्यमा सक्रिय रहन्छ(प्रधान, २०५२, १५५)यसले पदार्थबाट जीवको विकास र जीवद्वारा चेतनाको उदय हुने चिन्तनलाई पछ्याउँछ । यो अनगिन्ती असङ्गतिका कारण र अन्त्यको स्पष्ट खाका तयार गर्न सफल देखिन्छ । गलत प्रवृत्तिबाट समाजमा विद्रोही चेतनाको उदय हुन्छ किनकि क्रियाबाट प्रतिक्रिया जन्मन्छ । त्यो वर्गीय भई सङ्गठितहुँदै सशक्त विद्रोहको रूपमा विकसित हुन्छ । त्यसले समतामूलक समाजको स्थापना गर्छ अनि उत्पीडनको प्रतिकार र क्रान्तिसँगै नयाँ युगको उदय हुन्छ भन्ने मान्यता नै प्रगतिवाद हो ।

कृतिभित्रको अन्तर्वस्तुले आलोचनात्मक यथार्थको प्रस्तुति दिनु प्रगतिशीलता हो भने आलोचना गर्दै मुक्तिको मार्ग देखाई चेतनाको उद्बोधन गर्नु प्रगतिवाद हो ।साहित्यमा प्रगतिशीलता स्वतः प्रवृत्ति हो तर प्रगतिवादिता चेतना हो (राई, २०५०, २३०) । द्वन्द्वात्मकता, वर्गसङ्घर्ष, अर्थ वा उत्पादनको नियामकता, जग र प्रासाद, चैतन्यको प्राथमिकताको निषेध र इतिहास तथा समाजको भौतिकवादी व्याख्या, श्रम र सङ्घर्षको समर्थनआदि मार्क्सवादका प्रमुख बुँदा हुन् (गौतम, २०५९, ४४) । यसरी उत्पादक शक्तिको विकास, उत्पादन सम्बन्धको परिवर्तन, सामाजिक चेतनाको उदय र सशक्त विद्रोहबाट श्रमजीवी उत्पीडितको सत्ताप्राप्तिजस्ता सारभूत तत्त्वले निर्मित अन्तर्वस्तुले प्रगतिवादी चिन्तनलाई प्रतिबिम्बित गर्दछ ।

प्रगतिवादी रचनाको विश्लेषणमा प्रकृति, समाज र चिन्तनलाई बुझाउन प्रस्तुत गरिएका आधारको खोजी गर्नुपर्छ । यसमा प्रायः द्वन्द्वात्मक अन्तर्विरोध, वर्गीयता, वर्गद्वन्द्व, वैचारिकता आदि पक्षहरू नै खोजिन्छन् । समाजमा विषमवर्गीयता र समवर्गीयता हुन्छ ।यो द्वन्द्वात्मक अन्तर्विरोधहो । यसको पहिचान नभए जागरण र क्रान्तिले पूर्णता भेट्दैन । त्यस्तै समान आर्थिक, न्यायिक, उत्पीडित तथा अधिकारविहीन मानव समूहबाट वनेको वर्गबीचको एकता भनेको वर्गीयता हो । समान वर्गबीच पनि फरक प्रवृत्ति देखिनु विषमवर्गीयता वा समवर्गीय अन्तर्विरोध हो । समाजमा हुने र नहुने, नारी र पुरुष, उच्च जात र निम्न जात, मालिक र मजदुर, भूमिपति र भूमिहीन आदि वर्गहरू हुन्छन् । तिनमा उत्पादक शक्ति र उत्पादन सम्बन्धका बीच न्यायपूर्ण सम्बन्धका लागि सङ्घर्ष भइरहन्छ भन्ने ऐतिहासिक तथ्य वर्गद्वन्द्व हो ।लेखकले शोषितपीडित वा अन्य वर्गको पक्षधरता जनाउँदै वर्गीय एकता र विद्रोहको स्वर दिनु वैचारिकता मानिन्छ । यिनै मानक सैद्धान्तिक आधारमा कृतिभित्रको प्रगतिवादी विचार खोज्नुपर्ने हुन्छ ।

## स्वास्नीमान्छे उपन्यासमा प्रगतिवाद

विश्लेष्य स्वास्नीमान्छे उपन्यास नेपाली समाजको आलोचनात्मक यथार्थ दर्पण गर्ने प्रथम नेपाली उपन्यास हो । यसमा वेश्यावृत्तिजस्तो निन्दनीय, अस्वस्थ, अमानवीय एवम् अनैतिक परम्पराको चिरफार गर्दै यसका स्रष्टा पुरुष र भोक्ता नारीका बीचको द्वन्द्वात्मक अन्तर्विरोध छ । साथै पुरुष नश्लको प्रभुत्वले सामाजिक दुर्गुण बढाएको र परिणामतः वर्गद्वन्द्व उत्कर्षमा पुगेको सन्दर्भ जोडिएको छ । यहाँ स्वास्नीमान्छे कलङ्कित नभई भ्रष्ट समाजले जन्माएको समस्या हो भन्ने अग्रगामी विचारलाई विभिन्न घटनासन्दर्भहरू जोडेर चिनाउन खोजिएको छ ।

## द्वन्द्वात्मक अन्तर्विरोध

प्रस्तुत स्वास्नीमान्छे उपन्यासमा समवर्गीय र विषमवर्गीय अन्तर्विरोध देख्न सकिन्छ । यहाँ पत्नी मोतीमाया र लोग्ने प्रमोदका बीच विपरीत वर्गीयअन्तर्विरोध छ । मोतीमायालाई घरबाट निकाल्न सौता कमलाले अनेक हर्कत गर्नु समवर्गीय अन्तर्विरोध हो । ऊ विनोदको बाल मस्तिष्कमा आमा बेश्या हो भन्ने पार्न र लोग्नेलाई वशमा लिन खोज्छे । पतिविरुद्धको नालिस दिने हिराज्यानको सल्लाह अस्वीकार गर्ने मोतीमाया आजीविकाको क्रममामोहनबहादुरको जीवनबोध र बात्सल्यभावबाट पग्लिएर पत्नी बन्न पुग्छे। स्त्रीधूर्त गुन्डो मोहन विस्तारै निर्दयी बन्दै जान्छ। पुत्रसँग भेट्न दिने सहमति तोड्दै ऊ मोतीमायाप्रति पुरुष दासता लाद्न थाल्छ। यसरी उपन्यासमा मोतीमायाको स्वार्थी पुरुष वर्गसँग द्वन्द्वात्मक अन्तर्विरोध देखिन्छ। मोतीपुत्र विनोद परिपक्व हुने क्रममा आमालाई स्नेही, रक्षिका एवम् पवित्र ठान्दै पक्षमा वकालत गर्न थाल्छ । आमालाई भेट्न जान थालेको विनोदलाई बाबुले अंशाधिकारबाट बञ्चित गराइदिने र घरबाट निकालिदिने धम्की दिएको हुन्छ । विनोद बाबुका यस्ता क्रूर व्यवहार र लाञ्छना सहनै सक्दैन र प्रतिवाद गर्दै आमासँगको भेट र सच्चरित्रताको वकालत गरिरहन्छ । यहाँ दुष्ट प्रवृत्तिका विरुद्ध पीडितकोद्वन्द्वात्मक अन्तर्विरोध देखिन्छ । मोतीमाया मोहनको अत्याचारको प्रतिकार गर्ने क्रममा घरबाट निकालिन्छे र देहव्यापार हुने स्थानमा पुर्‍याइन्छे। उसको नारी उद्धार संस्थाकी मालिक्नी मैयाँनानीसँग भेट हुन्छ । ऊ मोतीमायाको विवशता बुझ्छे । मैयाँनानी आफ्नो लोग्नेको तिरष्कार र घरनिकालापछि जोगिनी बन्दा पनि बलात्कृत हुनुपरेको इतिहास सुनाउँछे। उसले मोतीमायालाई केबल गाउने काममा मात्र लगाई सच्चरित्रताको संरक्षण गरिदिएको सन्दर्भ जोडिन्छ । आफ्नो र हजारौं नारीको यौवन र स्त्रीत्व बजारमा बेच्ने अञ्जना र बेश्यावृत्ति तथा बेश्यागमनमा रमाउने सुरप्रसादलाई सभामै गोली हानी मार्ने वासन्तीको प्रसङ्गसँगैद्वन्द्वात्मक अन्तर्विरोध उत्कर्षतर्फ लाग्दछ ।

उपन्यासमा विनोद आमाको काखमा बिहे गर्ने अठोटका साथ बाबुको अनेकौं अवरोध पार गरी मोतीमायालाई गृह प्रवेश गराउँछ र बाबु प्रमोदजस्ता अत्याचारी पुरुषलाई दुत्कार्दा गौरवबोध गर्छ । छोराको यो कदम प्रमोदका लागि अहंमा गम्भीर चोट हुनाले उसमाथि गोली प्रहार गर्छ । तत्कालै मैयाँनानीले समाज खाने किरा मानी प्रमोद र कमलामाथि गोली बर्साउँछे । ऊ न्यायालयसामु स्वास्नीमान्छे लाई भोग्यामात्र ठान्ने र रन्डी बन्न बाध्य पार्ने अमानुषी गुन्डो पुरुषको बदमासी अन्त्य गर्दैएकको हत्याबाट लाखौं स्वास्नीमानिस बे श्या बन्नबाट बचाएको बताउँछे । यस घटनापछि आजीवन कारावासको सजाय सुनाउँदै पुरुषको स्वार्थवश बनेको कानुनले मात्र मै याँनानीलाई सजाय दिएको न्यायाधीशको प्रतिक्रिया आउँछ । यसरी उपन्यासमा द्वन्द्वात्मक अन्तर्विरोध सशक्त देखिन्छ ।

## वर्गीयता

स्वास्नीमान्छे उपन्यासले वर्गभेदपूर्ण सामाजिक संरचनालाई अन्तर्वस्तुमा समेट्दै विनोद, मोतीमाया,मैयाँनानी, वसन्तीजस्ता पीडित तर अग्रगामी चेतनयुक्त र प्रमोद, सुरप्रसाद, अञ्जनाकुमारी, कमलाजस्ता पश्चगामी स्वार्थी भावना भएका पात्रहरूमार्फत् फरक वर्ग निर्माण गरेको छ । पुरुषप्रधान एकाधिकारवाद, सहरी समाजको विलासिता र पीडित वर्गको मर्म वर्गीय धरातलमा आएका छन् । प्रमो द बहुविवाह गर्दै नारीको अस्तित्व मेटाउन खोज्छ । मोतीमाया लोग्नेको अत्याचार सहन लाचार छे । मैयाँनानीपीडित बर्गबाटै उठेकी विद्रोही नारी प्रतिनिधि हो । विनोदले सचेत युवा वर्गको प्रतिनिधित्व गरेको छ । यसरी प्रगतिवादी रचनामा पाइने वर्गीयता यहाँ देख्न सकिन्छ । उपन्यासमा स्वतन्त्र चलिरहेका पात्रहरूअस्तित्वसङ्कट बढ्दै जाँदा एकीकृत बन्दै परिवर्तनकारी र यथास्थितिवादी कित्तामा छुट्टिन्छन् । दुष्ट, स्वार्थी र अमानवीय प्रवृत्तिका विरुद्ध उपन्यासमा विनोद, मैयाँनानी र वासन्ती पात्रहरू आक्रामक बन्छन् । विनोद बाबुद्वारा गलहत्याइएकी आमालाई गृहप्रवेश गराई पुरुष अहंलाई धुलोपिठो पार्छ । मैयाँनानीलेविनादलाई साथ दिन्छे । वासन्तीको विद्रो ह पनि त्यसैमा मिसिन्छ । तत्कालीन समाजलाई बदल्न देखिएका यी अग्रगामी चिन्तन बोकेका र आँटिला पात्रहरूमा वर्गीयता देखिन्छ । उपन्यासले बहुविवाह, अनमेल विवाह, अविवाह अनि भोगवादी मांशल विवाहमा रमाउने कुसंस्कारग्रस्त नेपाली समाजका प्रमोद, सुर प्रसादजस्ता पुरुषहरू र अन्जनाकुमारी, कमलाजस्ता नारीहरूलाई दमक वा पीडक वर्गका प्रतिनिधि बनाइएको छ ।विभेदकारी समाजका कारण बेश्या बनाइएकी आमालाई घर ल्याई पीडक एवम् निष्ठुर बाबुसँग पैंठेजोरी खेल्ने विनोदजस्ता युवावर्ग सुधारवादी, विद्रोही र जागरुक बन्दै प्रजातन्त्रोत्तरकालीन नेपाली समाज परिवर्तनमा देखा परेको सङ्केत गरिएको छ । अन्याय, अन्धविश्वास र कुत्सित उद्दे श्यबाट भोग्नुपरेको यातनाको विरोधमा व्यक्तिने विद्रोह तथा बेलाको क्रान्तिकारी प्रक्रिया थियोत्यसैले यो प्रगतिविरोधी प्रचलनको विरो ध आलोचनात्मक र सामाजिक सुधार आदर्शात्मक छ (प्रधान : २०५२/२५२) । यसरी उपन्यासमा सामाजिक, सांस्कृतिक तथा आर्थिक संरचनाभित्रका यथार्थिक जीवनभोगाइ र प्रवृत्तिको प्रतिबिम्बन गर्नवर्गीय पात्रकोप्रयोग गरिएको छ ।

## वर्गद्वन्द्व

स्वास्नीमान्छे उपन्यासमा फरक लैङ्गिक र आर्थिक वर्गबीचको द्वन्द्वको उत्कर्ष रूप देख्न सकिन्छ । उच्च जात र पुरुष लिङ्गले नश्लवादी मानसिकता निर्माण गरेको छ । पुरुष शासक भएको र नारी शासित हुनुपरेको परम्पराले जन्माएको पीडकपीडित वा दमकदमित मानसिकताको द्वन्द्वात्मक अवस्था यहाँ छ । प्रमोद पत्नीलाई अर्को पति स्वीकार गर्न विवश पार्ने र पुनःगृहागमनलाई प्रतिष्ठासँग जोड्ने गर्छ । मोतीमाया पतिका अनेकौं यातना सहँदै विद्रोहभन्दा आत्महत्यालाई रोज्न खोज्छे । पवित्रताको परिचय दिइर हनुपर्छ । पुरातन चिन्तन र रूढपुस्तालाई बदल्नुपर्छ भन्ने मानसिकता विनोदमा छ । कमला सौतालाई सदाका लागि किनारा लगाउने सोचमा छे । लोग्नेलाई वशमा राख्ने र निहित स्वार्थ पूरा गर्ने दाउमा उसले वर्गीयता भुलेकी छ । एउटै परिवारभित्रका फरक सोचाइ र प्रवृत्तिले कलह, विग्रह र हिँसाको विद्रुपता खडा गरिदिएको छ । प्रमोद र कमला मारिनु र विनोद घाइते हुनु मनोलैङ्गिक द्वन्द्वको उत्कर्षता हो । साथै पुरुष एकाधिकार र चरम अत्याचारको अवशान पनि हो । यसरी लैङ्गिक रूपमा खराब प्रवृत्तिको मनोविकार र असल प्रवृत्तिको मनोबलबीचको सङ्घर्ष देखाई उपन्यासले प्रगतिवादी वर्गद्वन्द्व प्रस्तुत गरेको छ ।

उपन्यासमा दयनीय, सीमान्तकृत एवम् पीडित नारी वर्ग र पीडक प्रभुत्ववादी पुरुष वर्गका पात्रहरूबीचको द्वन्द्व नै प्रमुख रूपमा दे खा परेको छ । लोग्नेकै कारण आत्महत्याको बाटोतिर डोऱ्याइएकी, परपुरुषको आश्रयमा पुगेकी अनि बेश्याको अलङ्क बोकेर बाँचिरहे की मोतीमाया अनि बेसहारा अवस्थामा भिक्षुणी बनेकी मैयाँनानी मातृत्व र प्रतिशोधको रापमा खारिएर सगर्व नारी अधिकारको ऐ लान गर्छन् । यहाँ नारी समाजमा आएको चेतनाको रागसँगै यिनीहरू तत्कालीन युगलाई बदल्न आफ्नै वर्गको नेतृत्व गर्छन् । यस उपन्यासले नारीउपर गरिने भेदभाव र भोगवादी प्रवृत्तिलाई हाँक दिँदै सङ्घर्षका लागि एकजुट हुने प्रेरणा प्रदान गर्न (बराल र एटम : २०५६/११४) अनुकूल नारी पात्रहरूको संयोजन गरेको छ । यस्ता पात्रहरू विद्यमान सामाजिक धारणामा परिवर्तन ल्याउन र नवीन परिवर्तनकारी चेतनाको उभार ल्याई कुनै नारी अवला, असहाय, दुर्बल अनि दास हुन सक्दैनन् भन्ने विचारको सम्प्रेषण गर्न सफल छन् । राणा शासनको अन्त्यसँगै नेपाली समाजमा फैलिएको उच्च वर्ग, राजनीतिक वा उच्चपदस्त नेता, कर्मचारी तथा अभियन्ता नामधार ीहरूको व्यभिचारी र सूरप्रसाद तथा अञ्जनाकुमारीको राजनीतिक शक्तिप्रदर्शनका विरुद्ध यहाँ सशक्त द्वन्द्वदेखाइएको छ ।

## वैचारिकता

स्वास्नीमान्छेउपन्यासमा बेश्या मानव जातिको कल\S होइन बरु पुरुष सोच र व्यवहारको परिणति हो भन्ने नवीन चिन्तनलाई प्रमाणित गर्न खोजिएको छ । बेश्यागमनलाई स्वाभाविक, वैध अनि मर्यादित मान्नु तर बेश्या तिरष्कृत एवम् घृणित बन्नु हास्यास्पद अवस्था हो । बेश्यावृत्तिसँग जोडिएको पुरुष लाञ्छित नहुनुमा यो पुरुष सृजित हो भन्ने निष्कर्षमा पुग्न कठिन हुँदैन । वास्तवमा बे श्याहरू समस्या नभई स्वास्नीमान्छेलाई बेश्या बनाउने स्थिति र विवशताहरू हुन् (प्रधान, २०५२, २५३) । नारी आफै चाहेर बेश्या बन्दै नन् । यसमा नारी विवशता, पुरुष सोच र विभेदकारी सामाजिक संरचना मुख्य जिम्मेवार छन् । सामाजिक प्रतिष्ठा धुमिल भएपछि वा बाँच्ने आधार केही नभेटेपछि नारी पात्रहरू बेश्यावृत्तिमा होमिन विवश भएका हुन् । उनीहरू यहीविवशता र पुरुष शोषणको अन्त्यका लागि सङ्घर्षरत रहन्छन् भन्ने सन्देश दिनु अग्रगामी सोच हो । उपन्यासले नारी अधिकारको आवश्यकता र महत्वलाई चिनाउन खो

जेको छ । शरीरमा यौवन र सौन्दर्यको ह्राससँगै पुरुष परस्त्रीप्रति आकर्षित हुने, पुनर्विवाह गर्ने र पूर्व पत्नीमाथि अत्याचार सुरु गर्ने प्रवृत्तिले सिङ्गो नेपाली समाजमा नारी अस्तित्व नै सङ्कटमा पर्ने गरेको तथ्य उजागर गर्दै उपन्यासले पीडितप्रतिको पक्षधरता स्पष्ट पारेको छ । साथै यस्तो घोर अन्यायपूर्ण, विभेदकारी एवम् अमानवीय क्रियाको अन्त्यका लागि नारीविद्रोह र युवा जागरण आवश्यक छ भन्ने चिन्तन उपन्यासमा समेटिएको छ । यहाँ विनोदले पीडित आमाको उद्धार गरेको छ भने शोषित मैयाँनानी र वासन्तीले कामुक पुरुषको हत्या गरी उच्च साहस र विद्रोहको दृष्टान्त दिएका छन् । यसरी बोली नभएका वा निमुखा, असहाय र दबिएका नेपाली नारीहरूलाई ढाढस दिँदै अधिकारप्राप्तिको अभियानले सार्थकता पाएको देखाईउपन्यासले प्रगतिवादी वैचारिकतालाई स्पष्ट पारेको पाइन्छ ।

**एकचिहान उपन्यासमा प्रगतिवाद**

प्रधानले एक चिहान उपन्यासमा सामाजिक कुसंस्कार, आर्थिक तथा यौन शोषण र श्रमजीवीको दयनीय अवस्थाको जीवन्त प्रस्तुति दिएका छन् । यसभित्रको प्रगतिवादी चिन्तनलाईद्वन्द्वात्मक अन्तर्विरोध, वर्गीयता, वर्गद्वन्द्व र वैचारिकताका आधारमा चिनाइएकोछ ।

***द्वन्द्वात्मक अन्तर्विरोध***

एकचिहान उपन्यासको सुरुमा काठमाडौँस्थित थापाथलीको कुरिया गाउँमा पैसट्ठीबर्से उमेर बिताइसकेका ज्यापू जातका कृषकजीवी गरिब बाबु अष्टनारान रऋण लिएर महङ्गो डाक्टरी उपचार गर्न चाहने शिवनारान, पुननारान, हर्षनारान, नानीथकुँ रआमासहितको परिवारमा द्वन्द्वात्मक अन्तर्विरोध देखा पर्दछ । यस क्रममा पैसाको लोभी डाक्टर गोदत्त प्रसादसोझी नानीथकुँको कुमारीत्व लुट्न खोज्छ । निशुल्क उपचार गरिदिने, अन्त्येष्टि कार्यमा सापटी दिनेजस्ता डाक्टरका उदार कार्य र नारी अज्ञानताले दाजुबहिनीबीच अन्तर्विरोध बढाउँछ ।त्यस्तै ५७ वर्षेतल्सिङ साहु सुरमान सुब्बा पनि नानीथकुँप्रति लोभिँदै निशुल्क देसी तान दिने,बाँकी ऋण मिनाहा गरिदिन,सुख र सम्पन्नता भरिदिनेजस्ता प्रलोभनमा आमाछोरी नै प्रभावित हुन्छन् । यतिवेला गरिबी, विवशता, अज्ञानता आदिबाट उत्पन्न समवर्गीय अन्तरर्विरोध देखिन्छ । जब षड्यन्त्रको तानाबाना बुन्ने डाक्टर र सुब्बाजस्ता सामन्तहरूको जालझेलको रहस्य थाहा हुन्छ तबशिवनारानले त्यसको कडा प्रतिवाद गर्छ । डाक्टरपत्नी रञ्जनादेवीका जागरुक विचारले अल्लारे नानीथकुँ सचेत बन्छे र शोषित हुनबाट आफूलाई जोगाउँछे । अब शोषक र सामन्तीहरूको षड्यन्त्रका विरुद्ध साहसिक विद्रोह सुरु हुन्छ । त्यसपछि उपन्यासमा द्वन्द्वात्मक अन्तर्विरोध विषम वर्गीय हुन थाल्छ ।

उपन्यासले सामाजिक तथा सांस्कृतिक अन्तर्विरोधलाई पनि स्पष्ट रूपमा उठाएको छ । जातीयताको पछौटे चिन्तनबाट उत्पन्न अन्तर्विरोध यहाँ छ । यहाँहर्षनारान नेवारको डिल्ली बजार डेरा भएको निम्न वर्गीय माहिला तामाङकी छोरी पुतलीसँग अनि नेवार नानीथकुँको कुर्मी जात भएको मधेसी युवक राम खेलावन राउतसँगअन्तरजातीय विवाह हुन्छ । सबै पात्रको स्वीकृति र परिवारको समर्थनमा सम्पन्न उक्त विवाह तडकभडकरहित साधारण हुन्छ । नेवार, पर्वते र मधेसी जाति र संस्कृतिको समन्वयबाट नेपाली संस्कृति थप मजबुत र एकताबद्ध हुने निष्कर्ष निकालिन्छ । साथै विवाहमा आफ्नै कृषि औजार, नेपाली वस्तु र सामान्य चिजहरू दाइजोका रूपमा दिइन्छ । यहाँ चालचलनका नाममा जथाभावी फजुल खर्च नगर्न, चाडपर्वमा भडक नदेखाउन, दानदक्षिणानगर्न अनि बिचाःजस्ता खराब चलन तोड्न अभियान नै चलाइएको छ ।यसबाट समाजमा रहेको जातीयता र सांस्कृतिकताभित्रको द्वन्द्वात्मक अन्तर्विरोध देख्न सकिन्छ ।

***वर्गीयता***

एक चिहान उपन्यासले कृषक, श्रमिक, मजदुर, भरिया आदिको प्रतिनिधित्व गराउँदै वर्गीयतासम्बन्धी मान्यता अघि सारेको छ । यहाँ निम्न वित्तीयवर्ग स्पष्ट रूपमा देखा पर्दछ । अन्धविश्वास, कुरीति र अन्य विकृतिको विरुद्ध जागरुक हुँदै गरेको समाज यहाँ छ । चर्को व्याजले कैयौँ पुस्तासम्म गरिबी फैलिएको,अन्तिम संस्कारका लागि खर्च नभएको, परिवारकोदैनिकी कष्टकर भएको, अरूको घर बनाउनेहरू आफ्नै कच्ची घरमा पुरिनुपरेको, किसानहरु आफ्नै खेतमा सुत्नु र मर्नुपरेको अवस्थाले निम्न वित्तीय वर्गीयतालाई चिनाएका छन् । उपन्यासमा शोषक, सामन्त, भोगीविलासी, ठग अनि जालीझेली डाक्टर र सुब्बाहरूको अर्को वर्ग छ । गरिब भनी सुरुमा उपचार गर्न अनिच्छुक डाक्टर सोझी केटी नानीथकुँलाई देखेपछि एकाएक नरम र उदार देखिएको छ । उसले मानव सेवालाई भन्दा धन र स्वार्थलाई उच्च महत्व दिने कपटीहरूको प्रतिनिधित्व गरेको छ । त्यस्तै तलसिङ सुब्बा सुरमानले अष्टनारानको परिवारमाथि चर्को शोषण गर्दै आएको छ । कुत तिर्न नसक्दा बढी व्याजमा तमसुक गराएको छ । छोराहरू पठाएर मोहीलाई धम्काएको छ । कारिन्दा रामबहादुरमार्फत् अनेक लोभ देखाएर छोरीसँग अनमेल विवाह गर्ने सोचेको छ । यस्ता सम्पन्नताको आडमा अरूको जीवन बरबार गर्न खोज्ने दुष्ट प्रवृत्तिको प्रतिनिधिका रूपमा ऊ आएको छ । यसले पनि उपन्यासभित्रको वर्गीयतालाई पुष्टि गरेको छ ।

त्यस्तै उपन्यासमा लैङ्गिक वर्गीयताको सङ्केत पनि पाइन्छ । नानीथकुँ अज्ञानताका कारण गोदत्त प्रसादको वासनात्मक प्रेमबाट प्रभावित हुन्छे अनि सुब्बाको सम्पन्नतातर्फ पनि आकर्षित देखिन्छे । पछि ऊ दाइको सुझबुझपूर्ण अभिभावकीय व्यवहार र डाक्टरपत्नी रञ्जनाको दीक्षाले जागरुक हुन्छे । उसले अल्लारे उमेरसमूहका युवतीको प्रतिनिधित्व गरेकी छ । त्यस्तैरञ्जनादेवी शिक्षित, बोलक्कड र चतुर नारी पात्र हो । उसले नारी र पुरुषबीच सहयोगपूर्ण तथा समन्वयपूर्ण सम्बन्ध कायम गर्न र नारीलाई पुरुषको दासताबाट मुक्त राख्न विशेष भूमिका खेलेकी छ । उसले पनि शिक्षित नारी वर्गको प्रतिनिधित्व गरेकी छ ।

***वर्गद्वन्द्व***

एकचिहान उपन्यासले शोषणग्रस्त नेपाली समाजको चिरफर गर्न वर्गद्वन्द्वलाई आधार बनाएको छ । अष्टनारानले दुष्ट, सामन्ती तथा शोषक वर्गका करतुत बुझेको र त्यसका विरुद्ध सङ्घर्ष गर्न परिवारलाई सचेत गराएको छ । भड्किलो खर्च नगर्न र ठालुहरूबाट बच्न उसले सुझाव दिनु समाजमा विद्यमान वर्गद्वन्द्वको परिचय हो । त्यस्ता वर्गसँग द्वन्द्व गर्दा पुर्‍याउनुपर्ने होसियारी र पूर्वतयारीको आधार पनि उसले खडा गरिदिएको छ । मुफतमा उपचार कहिल्यै नगर्ने डाक्टर र मोहीमाथि उत्पीडन गर्दै आएको तलसिङसँग जीवनभर

सङ्घर्ष गर्दै आएको व्यथा उसले परिवारलाई बताएपछि छोराहरू जागरुक भएका छन् । कुत तिर्न नसक्दा धम्काउने, बढाएर कागज गरिदिने र अर्को वर्ष जोडेर उठाउने सुब्बाको सामन्ती चरित्रसँग श्रमजीवी शिवनारानले गरेको सङ्घर्ष वर्गद्वन्द्व हो ।यसरी उपन्यासमा बाबुछोराले शोषित निम्न वर्ग र डाक्टर तथा सुरमानले शोषक उच्च वर्गको प्रतिनिधित्व गरी वर्गद्वन्द्वको स्वरूप तयार गरेका छन् ।

उपन्यासमा लैङ्गिक, जातीय, सांस्कृतिक, आर्थिक आदि विभिन्न क्षेत्रमा वर्गद्वन्द्वको अवस्था देख्न सकिन्छ । नारी सौन्दर्यलाई विक्रयी ठान्ने, कमजोर वर्ग मानी प्रलोभनमा पार्ने, सम्पन्नताकै आडमा अनमेल विवाह गर्ने, सौता ल्याउनेजस्ता पुरुषका सोचाइ र व्यवहारले सृजना गरेको द्वन्द्व यहाँ छ । रन्जानादेवी र नानीथकुँले पीडित र डाक्टर तथा सुब्बाले पीडक वर्गबीचको द्वन्द्वछ । यहाँ जातीयताको विभेद र द्वन्द्व समाप्त पार्न अन्तर्जातीय विवाहको महत्वलाई चिनाइएको छ । यो पनि वर्गद्वन्द्वबाटै विकसित चिन्तन हो । परिश्रमी किसानका इच्छा, आकाङ्क्षा र सपनाहरू अधुरो रहने, वर्षभरि काम गरे पनि खाने बेला ऋण लिनुपर्ने, चर्को व्याजले थला पर्ने अनि गरिबी र शोषणकै कारण अकालमा एकै चिहान हुनुपर्ने दुःखद् सन्दर्भहरू उपन्यासमा जोडिएका छन् । अन्याय र अत्याचारको जाल खे लेर जनतालाई चुस्ने शोषकहरूबीचको द्वन्द्व उपन्यासमा प्रकट भएको छ (बराल र एटम, २०५६, ११५) । यसरी निम्न वर्गको आर्थिक ह्रास तथा रुग्णताको मूल कारण नै सामन्ती शोषण हो भन्दै यसका विरुद्ध विपन्न वर्ग जागरुक भएको र जालझेलको भ्रममा नपरी होसियार बनेको निष्कर्ष निकाली उपन्यासले वर्गद्वन्द्वलाई स्पष्ट पारेको छ ।

### *वैचारिकता*

एक चिहान उपन्यासमासम्पन्न वर्गको शोषण, अत्याचार अनि हेपाहा प्रवृत्तिका विरुद्धको निम्नवर्गीय विद्रोहलाई साथ दिँदै वर्गीय पक्षधरतालाई चिनाइएको छ । यसमा समाजको परिवर्तन वा सुधार गर्ने स्पष्ट विचार छ । खराब परम्परागत सामाजिक, धार्मिक तथाअव्यावहारिक मान्यताका विरुद्ध सचेत विद्रोहको माग पनि छ । यसमा आलोचना, आदर्श र सुधारजस्ता प्रवृत्तिको आधिपत्य रहेको छ (प्रधान, २०५२, २५७) । अष्टनारान, शिवनारान, रञ्जनादेवीजस्ता महत्त्वपूर्ण पात्रहरूकै माध्यमबाट उपन्यासमा समाज सुधारसम्बन्धी प्रगतिवादी विचारलाई अगाडि बढाइएको छ । परम्परागत मूल्य र मान्यतामा समयानुकूल परिवर्तन नगरी समाजको सुधार हुन नसक्ने ठहर उपन्यासले गरेको छ। त्यस्तै गरिबीसँग जुध्न र शोषणका विरुद्ध विद्रोह गर्न नसके उसको जीवन अझै जटिल बन्छ भन्ने स्पष्ट सङ्केत उपन्यासले गरेको छ ।

उपन्यासमा अन्धविश्वासी, तडकभडकपूर्ण र दासतामुखी मानसिकताको विरोध गरिएको छ । यहाँ परम्परागत धार्मिक प्रचलन एवम् दासत्व भावनाले ग्रस्त स्वभावको निन्दा गरेको स्पष्ट हुन्छ । बाबु र छोराबीचको ममतालाई भन्दा पनि भोलिको स्थिति सुधार गने कार्यलाई प्राथमिकता दिनुपर्छ भन्ने मान्यताले पनि परम्परालाई बदल्न खोजेको देखिन्छ । दानदक्षिणा, काजकिरिया, चाडपर्व, विवाह जस्ता काममा फजुल खर्च, बिचाजस्ता कुप्रथा, तल्सिङ र साहुसँग ऋण लिने चलन आदिलाई सुधार्न सके समाजले गरिबीबाट मुक्ति पाउँछ भन्ने मान्यताले प्रमुखता पाएको छ । गरिबहरू कसरी जीवनभर हाड घोट्दा पनि जीवनमा खुसी ल्याउन सक्दैनन् र दुनियाँको घर बनाउने कर्मी समयमै आफ्नै घरको मर्मत गर्न नसक्दा त्यसैमा पुरिएर मर्दछन् भन्ने दुःखलाग्दो अवस्थालाई चिनाउनु यस उपन्यासको मूल उद्देश्य हो । उपन्यासले नारीवादी चिन्तनलाई पछ्याएको छ । नारी अस्तित्व, जागरण र विद्रोहको प्रस्तुति यहाँ छ । यहाँ पुरुषको दासता र कामुकताको सिकार हुनबाट नारीलाई बचाउनुपर्ने अनि समान उमेर र सुपात्रका बीच स्वस्थ, पवित्र अनि आत्मीय प्रेमलाई स्वतन्त्रता दिनुपर्ने अग्रगामी सोचाइ पनि व्यक्त भएको पाइन्छ । त्यस्तै रूढिवादी कुसंस्कार र खराब मान्यताको विरो ध गर्नु,साम्प्रदायिक भावनाको अन्त्य गर्नुपर्छ भन्ने सन्देश दिनु, जातिबीचको वैवाहिक अन्तर्सम्बन्धको महिमा प्रस्तुत गर्नु, जातीय सद् भाव र सांस्कृतिक समन्वयबाटै नेपालको विकास सम्भव हुने ठहर गर्नु उपन्यासकारका वैचारकि पक्षहरु हुन् ।

यसरी उपन्यासमा अन्याय, शोषण र षड्यन्त्रको तीव्र विरोध गरी गरिबीग्रस्त जीवनको कारुणिकतालाई चिनाउँदै जातीय एकता, नारी अस्तित्व, किसानको महिमा अनि अग्रगामी सोचको बीजारोपण गरिएको र वर्गीय धरातलमा त्यसको व्याख्या गरिएकाले वैचारि कतामाप्रगतिवाद सबल एवम् प्रखर बन्न पुगेको छ ।

### निष्कर्ष

सामाजिक जीवनका विकृत पक्षको आलोचनात्मक टिप्पणी, विरोध रव्यङ्ग्यको स्वतःस्फुर्त तर आदर्शीकृत प्रस्तुति प्रगतिशीलता हो भने समाज विकासको ऐतिहासिक, वर्गीय र द्वन्द्वात्मक पक्षको विश्लेषण गर्दै समाज परिवर्तनको दिशामा उभिनु अनि उत्पीडनको प्रतिकार र क्रान्तिसँगै नयाँ युगको उदयमा लाग्ने दृष्टिकोण प्रगतिवाद हो । हृदय चन्द्रसिंह प्रधानका उपन्यासमागरिबी, शोषण र उत्पीडनले व्याप्त वर्गभेदपूर्ण नेपाली समाजमा विद्यमान द्वन्द्वात्मक अन्तर्विरोध सशक्त छ । उनले वर्गीयता र वर्गद्वन्द्वका माध्यमबाट सामाजिक कुरीति र पुरुष अत्याचारको सिकार भएका नारीहरूको दुःखदायी अवस्था अनि कुपरम्परालाई बदलेर तिनमा चेतना र सङ्घर्षको प्राण भर्ने प्रगतिवादी वैचारिकता प्रस्तुत गरेका छन् । यसका साथै जातीय विभेदलाई चिर्दै राष्ट्रिय उत्थानतर्फ गतिशील हुन प्रेरित गरे का छन् ।प्रधानका उपन्यास निम्नवर्गीय श्रमिक, मजदुर र किसानका जीवनभोगाइबाट अज्ञानता, दासत्व मनोवृत्ति, कुसंस्कार अनि कमजोर आत्मबललाई फालेर परिवर्तनको अग्रगामी विचार ग्रहण गर्नतर्फ क्रियाशील एवम् परिलक्षित देखिन्छन् । उनले वेश्यावृत्तिजस्तो निन्दनीय, अस्वस्थ, अमानवीय एवम् अनैतिक परम्पराको कारण, असर र परिणतिको चिरफार गर्दै सङ्घर्ष, विद्रोह र परिवर्तनको प्रगतिशील विचारलाई प्रवाहित गर्दै अन्याय, शोषण र षड्यन्त्रको तीव्र विरोध र गरिबीग्रस्त कृषक जीवनमा विकसितअग्रगामी सोचको मार्मिक चित्र उतारेका छन् । उपन्यासमा पाइने सामाजिक अन्तर्विरोध, सुस्पष्ट वर्गीयता, सशक्त वर्गद्वन्द्व र अग्रगामी वैचारिकताका आधारमा प्रधान आधुनिक नेपाली उपन्यासमा प्रगतिवादका कोसेढुङ्गो हुन् भनी किटान गर्न सकिन्छ ।

### सन्दर्भसामग्री सुची

गौतम, कृष्ण, (२०५९), आधुनिक आलोचना : अनेक रूप अनेक पठन, ललितपुर : साझा प्रकाशन ।

चापागाइँ, नीनु, (२०६७), मार्क्सवादी साहित्यचिन्तन : साझा प्रकाशन ।
प्रधान,कृष्ण चन्द्रसिंह, (२०५२), नेपाली उपन्यास र उपन्यासकार, ते.सं., ललितपुर : साझा प्रकाशन ।
प्रधान, हृदयचन्द्र सिंह, (२०११), स्वास्नीमान्छे, काठमाडौँ : नेपाली भाषा प्रचारक संघ ।
प्रधान, हृदयचन्द्र सिंह (२०५६), एक चिहान, द.सं., ललितपुर : साझा प्रकाशन ।
बराल, कृष्णहरि र नेत्र एटम, (२०५६),उपन्यास सिद्धान्त र नेपाली उपन्यास, ललितपुर : साझा प्रकाशन ।
राई, इन्द्रबहादुर, (२०५०), नेपाली उपन्यासका आधारहरू, ललितपुर : साझा प्रकाशन ।
शर्मा, विन्दु, (२०७५), 'समसामयिक प्रगतिवादी नेपाली कथाका उपलब्धि', *RR Interdisciplinary Journal*